# तनहुँ जलविद्युत परियोजनाबाट प्रभावित समुदायहरुका अनुभवहरु

## अप्रिल २०१७ (बैशाख २०७४) मा समुदायले नेतृत्व गरिएको अनुसन्धानबाट

तनहुँ जलविद्युत परियोजना एसियाली विकाश बैंक (ADB), जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) तथा यूरोपियन ईन्भेष्टमेन्ट बैंक (EBI) बाट **१४० मेगावाट** उर्जा उत्पादन गर्न लगानी गरिएको हो ।

यस परियोजनाको अनुमानित लागत **५०५ मिलियन अमेरिकी डलर** रहेको छ । यस परियोजनाको बाँध क्षेत्र सेती र मादी खोलाको माथी तिरका प्रभावित समुदाय भन्दा २ कि.मी अवस्थित छ । जलाशय जम्मा ७.२६ वर्ग कि.मी हुनेछ ।

यस परियोजनाबाट ७५८ घरधुरी, २ मन्दिर र २ पानीको मुहान, ९ घाट, ६ झोलुङ्गे पुल, १ अस्थायी पूल, २ सडक, ११ गोरेटो बाटो भन्दा बढी प्रभावित हुनेछन् ।

परियोजना प्रवर्द्धकहरुका अनुसार बाँध क्षेत्रको पहुँच सफा र दिगो उर्जा तिर बढाउन आवश्यक छ ताकि व्यापार, उत्पादनशीलता, रोजगारी सिर्जना र जीवनस्तर वृद्धि गर्न सकियोस् ।

## असरहरु

**६२%** — ६२% ले आफ्ना खेती योग्य जमिन गुमाउने छन् ।

**५२%** — ५२% ले वन, चरण, खोला वा अन्य जीवनयापनका साझा स्थान सम्मको पहुँच गुमाउनेछन् ।

**५१%** — ५१% का आम्दानी तथा जीवनयापनका श्रोत परि( वर्तन हुनेछन् ।

**५१%** — ५१% का जीवनयापनका श्रोत वा आम्दानी गुम्नेछन् ।

**६३%** — ६३% ले विश्वास गर्छन् कि परियोजना प्रवर्द्धकहरु प्राथमिकरुपमा यस परियोजनाबाट फाइदा लिनेछन् ।

**६७%** — ६७% ले विश्वास गर्छन् कि उनीहरुले परियोजनाबाट फाइदा लिनेछैनन् ।

## परामर्श

- प्रतिकृया दिनेहरु मध्ये **७५%** संग योजना बनाउने समयमा परामर्श लिईएको थिएन
- प्रतिकृया दिनेहरु मध्ये **२१%** संग योजना बनाईसके पश्चात् पनि परामर्श लिईएको थिएन
- प्रतिकृया दिनेहरु मध्ये **१%** ले आफ्ना विचार र उपायहरु समावेश गरिएको छ भनेका छन्
- **९३%** लाई आफ्ना समुदायमा विकाश सम्बन्धि विचारहरु राख्न मौका दिईएको थिएन
- परामर्श लिईएका मध्ये **६५%** ले अधिक जानकारी र बढी समयको माग गरेका छन्
- **२%** संग परियोजना संग सम्बन्धित सूचित धारणा र विचार प्रदान गर्न आवश्यक जानकारी छन्

# सुरक्षा तथा सुरक्षा

कम्तीमा पनि **५१%** ले परियोजना सम्बन्धी उनीहरुका सम्पूर्ण वा केही राय तथा विचारहरु व्यक्त गर्न सुरक्षित महसुस गरेनन् ।

*"परियोजना सुरु गर्नु भन्दा पहिले राम्रो संग परामर्श गरिनु पर्छ ।"*

*"परियोजना संग सम्बन्धित कोहि पनि हामी संग परामर्श गर्न आएका छैनन् । मलाई उनीहरुलाई धेरै कुरा भन्नु छ । उनीहरुले सबै प्रभावित व्यक्तिहरुसंग औपचारिक बैठक गर्नु पर्छ ।"*

*"मलाई परियोजनाकाबारे गुनासो गर्नुछ तर त्यसो गर्न कुनै उपाय छैनन् ।"*

# क्षतिपूर्ति

सर्वेक्षणका बेला **८४%** ले घर, जग्गा वा अन्य श्रोतका लागी कुनै क्षतिपूर्ति प्राप्त गरेका छैनन् । सामुदायिक बहसका परिणामस्वरुप स्थानिय परामर्श फोरम सञ्चालन गरिएको थियो र धेरै व्यक्तिहरुले क्षतिपूर्तिमा सहमत भए ।

"हाम्रा आवश्यकताहरु साना रकमले पूरा हुँदैनन् ।"

"हामी सरकारका विपक्षमा छैनौ, हामीलाई उचित क्षतिपूर्ति मात्र चाहिएको हो ।"

"हामीहरु यस परियोजनाबाट मानसिक रुपमा प्रभावित भएका छौं, तसर्थ हामीले यथाशीघ्र उचित क्षतिपूर्ति पाउनु पर्छ ।"

"क्षतिपूर्तिबाट हामीले राम्रो ठाउँमा बाँच्न सक्षम हुनु पर्ने हुनुपर्छ ।"

"हामीले पूर्खा देखी प्रयोग गरी आएको जग्गाका लागी क्षतिपूर्ति पाउनु पर्छ ।"

"उनीहरुले हाम्रो जग्गाहरु डुबानमा पर्ने हुनाले हामीले राम्रो जग्गाहरु पाउनेछौं भनेका छन् । हामीहरु उनीहरुमा जीवनयापनका लागी निर्भर छौं ।"

"यदी उनीहरुले उचित क्षतिपूर्ति दिन सक्दैनन् भनें, मलाई मेरो जग्गाको सट्टा जग्गा र मेरो घरको सट्टा घर चाहिन्छ ।"

अन्तर्राष्ट्रिय उत्तरदायित्व परियोजना, आदिवासी महिलाका कानुनी जनचेतना समुह (INWOLAG) र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय फाउन्डेसन (CEMSOJ) ले प्रभावित समुदाय संग मिलेर ८ गाउँका १७३ व्यक्तिहरु माझ सर्वेक्षण कार्य गरेको छ । अप्रिल २०१७ (बैशाख २०७४) मा समुदायहरुले आफ्ना अनुभवहरु साटेका छन् ।